# तामाङ सञ्चार समूहमाथि एक दृष्टि

प्रतीक ङेसुर तामाङ

## पृष्ठभूमि

समाजमा सञ्चार जगतले आफ्नो प्रभुत्व दिनानुदिन बढाउँदै छ। तसर्थ यसका अन्तर्वस्तु समावेशी, सामेली बनेको खण्डमा यसले समाजको रूपान्तरण र लोकतन्त्रीकरणमा योगदान पुर्‍याउँछ। तर यसमा सञ्चारमाध्यम स्वयं कति समावेशी र प्रतिनिधिमूलक छ भन्ने कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। जनसङ्ख्याको हिसाबले नेपालमा पाँचौं स्थानमा रहेको तामाङ समुदायमा सञ्चारका गतिविधि उति धेरै भएको पाइँदैन। राज्यले बहुलवादी चरित्र नबोकेको कारणले गर्दा प्रकाशन/प्रसारणको क्षेत्रमा २०४६ अगाडिसम्म तामाङ समुदायले पनि उल्लेख्य प्रगति गर्न सकेन। 'चार वर्ण छत्तीस जात' को नारा राज्यले फलाकिरह्‍यो मात्रै। व्यवहारमा चरितार्थ गर्ने प्रयास गरेन। रेडियो नेपाल खुलेको ४४ वर्षपछि मात्रै विभिन्न भाषाभाषीहरूले आफ्नै मातृभाषामा समाचार सुन्न पाए।

तामाङ सञ्चारको प्रसङ्गमा तामाङ पत्रपत्रिकाको विकासक्रमलाई पनि चर्चा गर्नु आवश्यक हुन्छ। तामाङ पत्रपत्रिकाको इतिहास वि.सं. २०१६ देखि प्रारम्भ भएको मानिन्छ। सोही वर्ष *म्हेन्दो* नामक हस्तलिखित पत्रिका प्रकाशन भएको थियो। यसको प्रकाशनमा भोजपुरका शेरबहादुर मोक्तान र गणेश योञ्जनको सक्रियता थियो। दोस्रो अङ्कदेखि भने यो अगाडि बढेको पाइँदैन। तामाङ प्रकाशनको इतिहासमा मुद्रित रूपमा प्रकाशित पहिलो पत्रिका *थ्वीन्डेल* हो। वि.सं. २०३३ मा टाशिफेन्जो लामा टुल्कु र इमानसिंह लामाको सम्पादनमा यसको प्रकाशन भएको थियो। यद्यपि यो पनि पहिलो अङ्क प्रकाशन भएपछि बन्द भएको देखिन्छ। २०४६ सालसम्म आइपुग्दा जम्मा सातओटा पत्रिकाहरू मात्र प्रकाशनमा आएको

पाइन्छ । तत्कालीन राजनीतिक परिवेशका कारण पत्रपत्रिका प्रकाशन अपेक्षाकृत हिसाबले हुन नसकेको प्रस्ट छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि मिडियामा भएको विकासको असर तामाङ समुदायमा पनि पर्नु अस्वभाविक भएन । २०४६ सालयता मात्रै ५९ ओटा पत्रपत्रिकाहरू प्रकाशनमा आउनुले यो कुरा प्रस्ट हुन्छ । २०६३ साउनसम्ममा सङ्ख्याको हिसाबले ६६ ओटा तामाङ पत्रपत्रिकाहरू प्रकाशनमा आइसकेका छन् (तामाङ २०६२क) ।

यसै गरी तामाङ भाषाको समाचारले रेडियो (रेडियो नेपाल) मा पहिलोपटक वि.सं. २०५१ मा प्रवेश पाउन सक्यो । यसकारण रेडियो नेपालमा समाचार प्रसारण भएपछि मात्रै तामाङ प्रसारणको इतिहास सुरु भएको मान्न सकिन्छ । यसअघि रेडियो नेपालको *फूलबारी* कार्यक्रममा तामाङ भाषाको गीत त प्रसारण हुन्थ्यो तर त्यो नियमित थिएन । हप्ताको एकपटक प्रसारण हुने *फूलबारी* कार्यक्रममा कहिलेकाहीँ मात्रै तामाङ गीत प्रसारण हुने गर्दथ्यो ।[1]

रेडियो नेपालले २०५४ सालमा फेरि तामाङ भाषाको कार्यक्रम प्रसारणका लागि साप्ताहिक रूपमा १५ मिनेटको समय उपलब्ध गराएको थियो । पछि काठमाडौँ महानगरपालिकाद्वारा सञ्चालित मेट्रो एफएममा दैनिक रूपमा ३० मिनेटको समय उपलब्ध भएको थियो । यसपछि क्रमशः निजीस्तरमा खुलेका विभिन्न एफएम रेडियोहरूमा तामाङ भाषाको कार्यक्रम प्रसारण हुने क्रम अगाडि बढ्यो (तामाङ २०६२ख) । विभिन्न स्टेसनमा जम्मा २९ ओटा कार्यक्रमहरू प्रसारणमा आइसकेको पाइन्छ । तीमध्ये केही बन्द भइसकेका छन् । अहिले (२०६३ साउन) आएर विभिन्न १४ ओटा स्टेसनमा २२ ओटा तामाङ भाषाका रेडियो कार्यक्रमहरू सञ्चालनमा रहेका छन् (हेर्नुहोस् अनुसूची ६) । रेडियो कार्यक्रमको सङ्ख्या थपिँदै गएपछि सञ्चारकर्मीहरूको पनि सङ्ख्या थपिँदै गयो । यसैले पनि आम तामाङ सञ्चारकर्मीहरूलाई समेट्दै यो क्षेत्रमा केही काम गर्न एउटा संस्था आवश्यक भएको महसुस भएको हो ।

---

१ तामाङ भाषाको गीत रेडियोमा कहिलेदेखि बज्यो ? यस सम्बन्धमा फरकफरक धारणाहरू रहेका छन् । पहिलो पटक तामाङ गीतको एल्बम निकाल्ने गायक चन्द्रकुमार मोक्तान २०३७ सालतिर रेडियो नेपालमा *फूलबारी* कार्यक्रम सुरु भएपछि मात्र तामाङ गीत बजेको हो भन्नुहुन्छ । तर आफूले २०१३ सालतिरै रेडियो नेपालमा गएर तामाङ भाषामा गीत गाएको दावी दिवङ्गत हुनुअघि (२०५६ सालतिर) मसँगको व्यक्तिगत भेटघाटका क्रममा ज्याम्याङ लामा तामाङले गर्नुभएको थियो । जनकविकेशरी धर्मराज थापाले पनि २०१३ सालमा ज्याम्याङ तामाङले रेडियो गीत गाउनुभएको कुरा *ज्याम्याङ लामा स्मृतिग्रन्थ*मा उल्लेख गर्नुभएको छ । गाउँदागाउँदै प्रसारण गरिएको सो तामाङ गीत प्राविधिक कारणले रेकर्ड गरी राख्न नसकिएको पनि उहाँले उल्लेख गर्नुभएको छ (थापा २०५९: ९२-९३) ।

## तामाङ सङ्घ संस्थाहरू र सञ्चार

सञ्चारको क्षेत्रमा मात्र क्रियाशील तामाङ संस्थाहरू विगतमा खासै खुलेका पाइँदैनन् । विभिन्न उद्देश्यले खुलेका सामाजिक सङ्घ संस्थाहरूले नै सञ्चारसम्बन्धी गतिविधिहरूलाई पनि अगाडि बढाउँदै आएको पाइन्छ । यसरी मिडियासम्बन्धी गतिविधि सञ्चालन गर्नेमा नेपाल तामाङ घेदुङको नाम पहिले आउँछ । यसले विभिन्न पत्रपत्रिकाहरू प्रकाशन गर्नेदेखि लिएर रेडियोमा कार्यक्रम सञ्चालन समेत गरिरहेको पाइन्छ । तामाङ घेदुङले जम्मा चारओटा पत्रिका (*छ्यार म्हेन्दो* मासिक, *तामाङ* त्रैमासिक, *नाङसाल* मासिक र *ग्रेनग्याम* मासिक) प्रकाशन गर्दछ जसमा एउटै पनि नियमित छैनन् । मेट्रो एफएममा दैनिक कार्यक्रम भने नियमित रूपमा सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल तामाङ राष्ट्रिय महासङ्घले पनि सञ्चारसम्बन्धी विभिन्न कामहरू गर्दै आएको पाइन्छ । यो संस्थाले आफ्नो मुखपत्रको रूपमा *ह्याङला* पाक्षिक प्रकाशन गरेको थियो । यद्यपि त्यो तीन महिनाभन्दा अगाडि बढ्न सकेन । यसैगरी महासङ्घले इसीआर (पर्यावरण चक्र रेडियो) एफएम र पछि स्टार एफएममा तामाङ भाषाको कार्यक्रम प्रसारण गरेको थियो ।

साहित्यिक संस्थाको रूपमा २०५९ वैशाखमा स्थापना भएको तामाङ डाजाङ मिडियाबारे गतिविधिमा संलग्न अर्को संस्था हो । यसले प्रकाशन गरेको *तामाङ डाजाङ* नामक पत्रिका २९ अङ्क प्रकाशन भइसकेको छ । यसै गरी डाजाङले रेडियो सगरमाथामा साप्ताहिक कार्यक्रम (*तामाङ काई*) पनि सञ्चालन गरिरहेको छ । रेडियो प्रस्तोतालाई सम्मान र पुरस्कार प्रदान गर्ने कार्यक्रमसमेत यो संस्थाले गरेको पाइन्छ ।

तामाङ पत्रकारहरूको संस्थाको रूपमा २०६० सालमा *नेपाल तामाङ पत्रकार समूह* नामक एउटा संस्थाको स्थापना भएको पाइन्छ । दीपेन्द्र दोङ र अन्य सञ्चारकर्मीहरूको पहलमा काठमाडौंको बागबजारमा यसको सम्पर्क कार्यालयसमेत खोलिएको थियो । तर यसको उल्लेखनीय गतिविधिहरू बिना नै यो समूह तामाङ सञ्चार समूहमै आबद्ध हुनपुग्यो ।

यसैगरी ह्याङला आदिवासी तामाङ समाज, भक्तपुर (भक्तपुर एफएम), मोक्तान फिल्मस् प्रालि (टाइम्स एफएम), छ्यार ग्यालाम (भक्तपुर एफएम), नेपाल तामाङ घेदुङ, कास्की (हिमचुली एफएम) जस्ता संस्थाहरूले तामाङ भाषाको रेडियो कार्यक्रम सञ्चालन गरिरहेका छन् । यो लेखमा सम्पूर्ण तामाङ सञ्चारकर्मीहरू साझा संस्थाको रूपमा स्थापित र क्रियाशील संस्था– तामाङ सञ्चार समूहबारे चर्चा गरिएको छ ।

## तामाङ सञ्चारकर्मी

नेपाली मिडियामा भएको फैलावटसँगै यसमा कार्यरत पत्रकारको सङ्ख्या बढ्नु स्वभाविकै भयो । यसको असर विशद रूपमा नभए पनि छिटपुट रूपमा तामाङ समुदायमा पनि परेको देखिन्छ । उल्लेख्य रूपमा एफएम रेडियोको सञ्चालन भएपछि रेडियोमा काम गर्ने सञ्चारकर्मीको सङ्ख्या थपिँदै गयो । अहिले विभिन्न छापा तथा विद्युतीय सञ्चारमाध्यममा कार्यरत तामाङ सञ्चारकर्मीहरूको सङ्ख्या एक सय पुगिसकेको छ (हेर्नुहोस् तालिका १) ।

तुलनात्मक रूपमा विद्युतीय माध्यममा भन्दा छापा माध्यममा तामाङ सञ्चारकर्मीहरूको सङ्ख्या कम छ । अझ राष्ट्रिय दैनिकहरूमा हेर्ने हो भने यो सङ्ख्या अति नै न्यून देखिन्छ । अनुसूची ७ अनुसार राष्ट्रिय दैनिक *(कान्तिपुर, नेपाल समाचारपत्र, हिमालय टाइम्स, राजधानी)* मा संलग्न तामाङ सञ्चारकर्मीहरू जम्मा पाँचजना मात्र पाइएको छ ।

**तालिका १: विभिन्न मिडियामा तामाङ सञ्चारकर्मीहरू**

| क्र.सं. | सञ्चार संस्था | सङ्ख्या |
|---|---|---|
| १. | रेडियो नेपाल | ४ |
| २. | मेट्रो एफएम | ३ |
| ३. | एचबीसी एफएम | ४ |
| ४. | भक्तपुर एफएम | १७+२* |
| ५. | रेडियो सगरमाथा | २ |
| ६. | इमेज एफएम | १ |
| ७. | नेपाल एफएम | २ |
| ८. | स्टार एफएम | ३ |
| ९. | पर्यावरण चक्र एफएम | २ |
| १०. | रेडियो पालुङ | ५ |
| ११. | सोलु एफएम | ३ |
| १२. | टाइम्स एफएम | ३ |
| १३. | कालिका एफएम | १ |
| १४. | हिमचुली एफएम | ५ |
| १५. | टेलिभिजन | ४ |
| १६. | तामाङ्स डट कम (अनलाइन) | १ |
| १७. | छापा | ४० |
| | जम्मा | १०० |

स्रोतः तामाङ सञ्चार समूहले सङ्कलन गरेको सूची

* दुईजना अन्य स्टेसनसँग आबद्ध भएकोले त्यसलाई यहाँ गणना गरिएको छैन ।

तामाङ सञ्चार समूहले सङ्कलन गरेको सूचीअनुसार ५७ जना सञ्चारकर्मी विद्युतीय सञ्चारमाध्यममा रहेका छन्, जसमध्ये ५२ जना रेडियो, एकजना अनलाइन, र चार

जना टेलिभिजन माध्यमसँग सम्बद्ध छन् । यसमा चार जना मात्रै रेडियो नेपालमा कार्यरत छन् (हेर्नुहोस् अनुसूची ८) । बाँकी एफएम रेडियोमा कार्यरत देखिन्छन् । ५५ वर्षअघि खुलेको रेडियो नेपालमा चारजना (दुईजना केन्द्रीय प्रसारणअन्तर्गत उद्घोषक र दुई जना क्षेत्रीय प्रसारणअन्तर्गतको तामाङ समाचार डेस्कमा) मात्रै तामाङ सञ्चारकर्मी रहनु भनेको निकै उदेकलाग्दो स्थिति हो । यसको तुलनामा विगत छ/सात वर्षको छोटो अवधिमा निजी क्षेत्रमा एफएम रेडियो स्थापना हुँदै गएपछि तामाङ सञ्चारकर्मीहरूले सञ्चारमाध्यममा राम्रो अवसर पाएको यसबाट प्रस्टै देखिन्छ । सबैभन्दा बढी रेडियो प्रस्तोता भक्तपुर एफएममा (१९ जना) रहेको पाइन्छ । विद्युतीय सञ्चारमाध्यममा तामाङ महिला सञ्चारकर्मी २१ जना देखिन्छन् ।

## तामाङ सञ्चार समूहको स्थापना

यसरी विभिन्न सञ्चारमाध्यममा तामाङ सञ्चारकर्मीहरूको सङ्ख्या वृद्धि हुँदै गएपछि एउटा साझा संस्थाको आवश्यकता महसुस गरी तामाङ सञ्चार समूह स्थापना गरिएको हो । २०६१ सालमा आएर मात्र औपचारिक रूपमा तामाङ सञ्चार समूहको स्थापना भयो । यो संस्था स्थापना गर्नका लागि लेखक रविन्द्र तामाङको महत्त्वपूर्ण योगदान रहेको छ । कसरी जन्मियो, तामाङ सञ्चार समूह भन्ने सम्बन्धमा उहाँ भन्नुहुन्छः

> धेरैजसो विना प्रशिक्षण रेडियो कार्यक्रम सञ्चालन गर्न पुगेकाले कार्यक्रम हुनुपर्ने जति खँदिलो भइरहेको थिएन । यस्तो अवस्थामा कमसेकम तामाङ पत्रकारहरूका लागि सहज ढङ्गले तालिमको व्यवस्था गर्न सके धेरै फाइदा पुग्ने लाग्यो र तालिमको लागि कुरा चलायौँ । व्यक्तिगतभन्दा संस्थागत जाँदा राम्रो हुन्छ भन्ने लाग्यो र संस्थाको नाम के लेख्ने भन्ने सन्दर्भमा 'तामाङ सञ्चार समूह' भन्ने नाम जुर्‍यो ।[२]

२०६० सालदेखि नै संस्था स्थापनाको लागि पहल भएको थियो । यसले झण्डै एक वर्षसम्म त आफ्नो गतिविधिलाई नियमित रूपमा अगाडि बढाउन सकेन । तत्कालीन आठ सदस्यीय (हेर्नुहोस् अनुसूची १) कार्यसमितिले संस्थाको दर्ताको लागि आवश्यक गृहकार्यसमेत गर्न सकेन । पछि २०६१ भदौमा एक भेलाको आयोजना गरी समिति पुनर्गठन भएपछि मात्रै संस्था दर्ताको लागि आवश्यक गृहकार्य भयो र त्यसको तीन महिनापछि ललितपुर जिल्ला प्रशासन कार्यालयमा दर्ता भई कानूनी मान्यता प्राप्त गरेको हो । तामाङ सञ्चार समूहको ललितपुरमा

---

[२] रविन्द्र तामाङसँगको कुराकानीका आधारमा ।

आफ्नै कार्यालयसमेत रहेको छ । २०६२ भदौदेखि सञ्चालन भइरहेको कार्यालयमा ५० जना अट्ने क्षमता भएको हल पनि छ ।

## उद्देश्य

तामाङ सञ्चारकर्मीहरूको योग्यता, क्षमता, सीप अभिवृद्धि गर्ने अभिप्रायले तामाङ सञ्चार समूह स्थापना भएको हो । विभिन्न मिडियामा रहेका तामाङ सञ्चारकर्मीहरूलाई गोलबद्ध गरी तामाङ समुदायको आवाजलाई सञ्चारमाध्यममा एकीकृत ढङ्गले पुऱ्याउनु यसको लक्ष्य हो । साथै सञ्चारकर्मीहरूलाई आफ्नो पेशागत मर्यादा, दायित्व र जिम्मेवारीबोध गराउँदै व्यावसायिक हिसाबले अगाडि बढ्न सक्ने खालको भूमिका खेल्ने पनि संस्थाको उद्देश्य रहेको छ । संस्थाको विधानमा यसका उद्देश्यहरू यसरी उल्लेख गरिएको छः

- सञ्चारक्षेत्रमा क्रियाशील सञ्चारकर्मी बीच समन्वय कायम गर्दै सामाजिक विकासको क्षेत्रमा क्रियाशील रहने ।
- सञ्चारकर्मीहरूको क्षमताको अभिवृद्धि गरी अवसर सिर्जनामा सहयोग पुऱ्याउने ।
- तामाङ पत्रकारहरूलाई व्यावसायिकतातर्फ उन्मुख गराउने ।
- विभिन्न राजनीतिक, समसामयिक, ऐतिहासिक, सांस्कृतिक, भाषिक, धार्मिक विषयवस्तुहरूमा सूचना प्रवाह गर्नका लागि साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने ।
- राष्ट्रिय जीवनका विभिन्न व्यक्तिहरूको सम्मान र खास क्षेत्रमा खास योगदान पुऱ्याएका प्रतिभाहरूलाई पुरस्कृत गर्ने ।
- सञ्चार क्षेत्रको माध्यमबाट समाज र राष्ट्रको समग्र विकासका लागि भूमिका खेल्ने र आम जनसमुदायलाई प्रेरित गराउने ।
- तामाङहरूको सूचना केन्द्रको विकास गर्ने ।
- तामाङ सञ्चारकर्मीहरूको पेशागत हकहितको सुरक्षाको लागि क्रियाशील रहने ।
- समसामयिक विषयमा रेडियो तथा टेलिभिजन कार्यक्रम निर्माण गरी प्रसारण गर्ने ।

संस्थाको प्रकृति र उद्देश्यहरूको बीचमा तादात्म्य छ भन्न सकिन्छ । गत एक वर्षमा भएका गतिविधिहरूलाई फर्केर हेर्दा पनि यो संस्था आफ्नो उद्देश्यअनुसार सक्रिय भएको महसुस गर्न सकिन्छ ।

## साङ्गठनिक अवस्था

कुनै पनि मिडियामा कार्यरत तामाङ सञ्चारकर्मीलाई यस संस्थाको सदस्यता दिन सकिने व्यवस्था विधानले गरेको छ। यसअनुसार सञ्चार समूहको सदस्य सङ्ख्या अहिलेसम्म ५५ जना पुगिसकेको छ। सदस्यता लिन चाहनेले रु. १००।- शुल्कसहित फर्म भर्नुपर्दछ।

संस्थाका पदाधिकारीहरू सुरुमा भेलाबाट खुल्ला छलफल गरेपछि चुनिएका थिए भने पछि साधारणसभाबाट सर्वसम्मतिले छानिएका छन्। २०६१ भदौ १९ गते सञ्चारकर्मीहरूको एक भेलाले पुरानो समिति विघटन गरी रुद्रसिंह तामाङको अध्यक्षतामा नौ सदस्यीय नयाँ कार्यसमिति बनाएको थियो (हेर्नुहोस् अनुसूची २)। यही कार्यसमितिले संस्थाको विधान बनाई करिब तीनमहिनापछि २०६१ साल मङ्सिर २१ गते ललितपुर जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता गराएको थियो। २०६१ फागुन ६ गते पहिलो साधारणसभा भएको थियो। पहिलो साधारणसभाले कार्यसमितिमा सामान्य फेरबदल गरेको थियो (हेर्नुहोस् अनुसूची ३)।

तामाङ सञ्चार समूहको अहिले १३ सदस्यीय केन्द्रीय कार्यसमिति (हेर्नुहोस् अनुसूची ४) र २७ सदस्यीय केन्द्रीय समिति रहेको छ (हेर्नुहोस् अनुसूची ५)। २०६३ साउन २० मा सम्पन्न समूहको दोस्रो साधारणसभाले पुरानो कार्यसमिति र केन्द्रीय समिति पुनर्गठन गरेको हो। वर्तमान केन्द्रीय समितिमा महिला सञ्चारकर्मीहरू पाँच जना मात्र परेका छन्। समितिका २७ जनामध्ये १० जना छापा माध्यम र १७ जना विद्युतीय सञ्चारमाध्यमका सञ्चारकर्मीहरू हुन्।

तामाङ सञ्चार समूहको विधानले कार्यसमिति र केन्द्रीय समिति गरी दुई खालको समितिको व्यवस्था गरेको छ। सम्भव भएका जिल्लाहरूमा शाखा समितिहरू गठन गर्न सकिने प्रावधान रहेको छ। अहिलेसम्म शाखा समितिहरू गठन नभए पनि २०६३ भदौ महिनाभित्रमा काभ्रे, चितवन र मकवानपुरमा शाखा समिति गठन गरिने योजना सस्थाले बनाएको छ। यसरी शाखा समितिहरूको गठन भएपछि मोफसलका सञ्चारकर्मीहरूलाई गोलबद्ध गर्न सकिने छ। सकेसम्म सबैखाले मिडिया र जिल्लाको प्रतिनिधित्व हुन सकोस् भन्ने कुरालाई ध्यान दिइएको छ। यद्यपि धेरैजसो उपत्यकाभित्रकै परेका छन्।

## समूहको विभिन्न गतिविधि

संस्था गठन भए पनि प्रारम्भिक दिनहरूमा तामाङ सञ्चार समूहले कुनै गतिविधि अगाडि बढाउन सकेको थिएन। सामान्य बैठकसमेत नियमित बस्न सकेन। २०५१ सालको भदौ १ गतेदेखि रेडियो नेपालले तामाङ भाषामा

समाचार प्रसारणारम्भ गरेको हुँदा तामाङ सञ्चार समूहले हरेक सालको भदौ १ गतेलाई तामाङ प्रसारण दिवसको रूपमा मनाउने निर्णय भयो । प्रसारणको इतिहासमा तामाङ भाषाले औपचारिक रूपमा पहिलोपटक सञ्चारको अत्यन्त लोकप्रिय र प्रभावकारी साधन रेडियोमा प्रवेश पाएकोले त्यसको महत्त्व दर्शाउन यसो गरिएको हो । यसको थालनी २०६० भदौ १ गते गरियो । सो दिन 'नेपालका आदिवासी जनजातिहरू र सञ्चारमाध्यम' विषयक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

समूहले अहिले प्रसारण दिवसका अवसरमा प्रसारण भइरहेको कार्यक्रमको विषयमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्ने, पुरस्कार सम्मान दिने, रेडियो कार्यक्रमहरू प्रसारण भएपछिका उपलब्धिहरूबारे सामग्री प्रसारण गर्ने, विभिन्न सञ्चारमाध्यममा लेख प्रकाशन गर्ने जस्ता कामहरू गर्दै आइरहेको छ । सञ्चार समूहको २०६३ साउन २७ गते बसेको बैठकले आगामी वर्षदेखि प्रसारण दिवसकै अवसर पारी हरेक वर्ष 'तामाङ पत्रकारिता पुरस्कार' प्रदान गर्ने निर्णय समेत गरेको छ ।

समूहले तामाङ सञ्चारकर्मीहरूको क्षमता र सीप अभिवृद्धि गराउने उद्देश्यले २०६० साउन १६, १७ र १८ गते तीनदिने 'आधारभूत छापा एवं प्रसारण तालिम' को आयोजना गरेको थियो । त्यतिखेर संस्था विधिवत रूपमा दर्ता भइसकेको थिएन । तालिममा ३४ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो । छापा र प्रसारण पत्रकारिताका विभिन्न विषयमा रविन्द्र तामाङ, ध्यानबहादुर मोक्तान, रुद्रसिंह तामाङ, प्रतीक ङेसुर तामाङ, दीपक घिसिङ, दानबहादुर घिसिङ र फोटो पत्रकार तिलक लामाले सहभागीहरूलाई तालिम दिनुभएको थियो ।

२०६० भदौ १ देखि नेपाल तामाङ राष्ट्रिय महासङ्घको मुखपत्र *हाम्रो बाटो* साप्ताहिकमा तामाङ सञ्चार समूहले नियमित रूपमा परिशिष्टाङ्क प्रकाशन गर्दै आएको थियो । सो स्तम्भमा तामाङ सञ्चारबारे लेखक तथा पूर्व अध्यक्ष रविन्द्र तामाङले लेख प्रकाशन गर्दै आउनुभएको थियो । तर तीनमहिनापछि सो पत्रिका नै बन्द हुन पुग्यो ।

मार्टिन चौतारीद्वारा २०६१ साउन ७ गते आयोजना गरिएको 'जनजाति पत्रकार कसरी बढाउने' विषयक कार्यक्रममा तामाङ सञ्चार समूहको तर्फबाट तत्कालीन उपाध्यक्ष रुद्रसिंह तामाङले लिखित कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यसै गरी समूहले प्रसारण दिवसको अवसरमा २०६१ भदौ १ गते 'अबको दिनमा तामाङ प्रसारणको भूमिका' विषयमा छलफल कार्यक्रमको आयोजना गरेको थियो । सोही अवसरमा पहिलोपटक रेडियोमा तामाङ भाषाको समाचार वाचन

गर्ने समाचारवाचकहरू अमृत योञ्जन, ध्यानबहादुर मोक्तान र रमिता लामालाई सम्मान गरिएको थियो ।

संस्थाले समय समयमा विभिन्न विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रमको पनि आयोजना गर्दै आइरहेको छ । अहिलेसम्म आयोजना गरेका अन्तर्क्रिया कार्यक्रमलाई तालिका २ मा देखाइएको छ ।

**तालिका २ः तामाङ सञ्चार समूहद्वारा आयोजित छलफल कार्यक्रम**

| क्र.सं. | विषय | स्थान | मिति |
|---|---|---|---|
| १. | नेपालका आदिवासी जनजातिहरू र सञ्चारमाध्यम | तमू बौद्ध सेवा समिति अनामनगर | २०६० भदौ १ |
| २. | अबको दिनमा तामाङ प्रसारणको भूमिका | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा | २०६१ भदौ १ |
| ३. | तामाङ भाषाको रेडियो कार्यक्रमको प्रभावकारिता र भावी दिशा | संस्थाको आफ्नै कार्यकक्ष | २०६२ भदौ १ |
| ४. | विश्व आदिवासी आन्दोलन र संयुक्त राष्ट्र सङ्घ | संस्थाको आफ्नै कार्यकक्ष | २०६२ भदौ १७ |
| ५. | तामाङ प्रकाशनको स्वर्ण जयन्ती | संस्थाको आफ्नै कार्यकक्ष | २०६२ असोज १ |
| ६. | तामाङ गीत सङ्गीतको दुई दशक | संस्थाको आफ्नै कार्यकक्ष | २०६२ असोज ७ |
| ७. | तामाङ संस्कृतिका मर्मज्ञ स्व. सन्तवीर लामाको योगदान | संस्थाको आफ्नै कार्यकक्ष | २०६२ मङ्सिर ८ |
| ८. | 'रेडियोमा तामाङ भाषा' पुस्तकको परिचर्चा | संस्थाको आफ्नै कार्यकक्ष | २०६२ पुस १५ |
| ९. | थाङ्का कलाको भविष्य र चुनौती | संस्थाको आफ्नै कार्यकक्ष | २०६२ चैत १७ |
| १० | तामाङ प्राज्ञ सभाको आवश्यकता किन | संस्थाको आफ्नै कार्यकक्ष | २०६३ असार २ |
| ११. | तामाङ भाषाका रेडियो कार्यक्रमको समीक्षा | आदिवासी जनजाति शान्ति आयोग, नेपालको हल, पुतलीसडक | २०६३ भदौ १ |

तामाङ सञ्चार समूहले सञ्चालन गरेको यस्ता अन्तर्क्रिया कार्यक्रमबाट मूलतः निम्नप्रकारको उपलब्धिहरू भएका छन्ः

१. बहसको लागि मञ्चको उपलब्धता ।
२. छलफलमा सहभागी हुने अभ्यासमा वृद्धि ।
३. विभिन्न विषयमा गहिरो जानकारी ।
४. एक अर्काको अनुभव आदानप्रदान ।
५. अलगअलग क्षेत्रमा क्रियाशील व्यक्तिहरूका बीच चिनापर्ची गर्ने माध्यम ।
६. एक अर्कामा रहेको भ्रम र आशङ्का निवारणका लागि सघाउ ।

यस्ता छलफल र अन्तर्क्रिया कार्यक्रम अझ बढाउनुपर्ने आवश्यकता महसुस गरिएको छ। विभिन्न तामाङ सङ्घसंस्थाहरूले पनि यस खालको छलफल कार्यक्रमलाई निरन्तरता दिन समूहलाई घच्घच्याउने काम गर्दै आएका छन्।

तामाङ सञ्चारले समूहले २०६१ मङ्सिरमा मिर्गौला रोगी सुरेन घिसिङको उपचारको सहयोगार्थ 'नुमाफुङ' चलचित्र प्रदर्शनीको आयोजना गरेको थियो।[३] यसैगरी बहुचर्चित नाटक 'अग्निको कथा' पनि गुरुकूलमा प्रदर्शन गरेको थियो। संस्थाको आफ्नै कोष वृद्धिका लागि यसको प्रदर्शन गरिएको थियो र तदनुरूप केही आर्थिक उपलब्धि यसबाट हुन सक्यो। यही नाटकबाट सङ्कलन भएको रकम, सदस्यहरूबाट उठाइने सदस्यता शुल्क र हल भाडाबाट उठ्ने रकमबाट संस्थाको आर्थिक व्यय धान्ने काम भइरहेको छ। तर अर्थोपार्जनका लागि गतिलो कार्यक्रम नल्याएसम्म कार्यालय सञ्चालन गर्न मात्र पनि गाह्रो पर्ने अवस्था स्पष्ट देखिन्छ।

तामाङ प्रकाशनको स्वर्ण जयन्तिको अवसरमा २०६२ माघ २१ र २२ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित दुईदिने पुस्तक प्रदर्शनी तथा विचार गोष्ठीमा अन्य संस्थासँगै समूहले आयोजकको भूमिका निर्वाह गरेको थियो।

विगतमा सरकारले नेपाली मिडियामाथि अपनाएको अलोकतान्त्रिक रवैयाको विरुद्धमा यसले आफूलाई उभ्याएको थियो। यसैगरी समूहले सञ्चारकर्मीको स्वतन्त्रताको पक्षमा आवाज उठाउने काम गरेको थियो। यसरी सञ्चार समूह विभिन्न गतिविधिका साथ संस्थालाई स्थापित गराउँदै आफ्नो दरिलो उपस्थिति सञ्चार क्षेत्रमा देखाउन सक्रिय रहेको छ। तर विभिन्न कारणले गर्दा संस्था अपेक्षा गरेअनुसार सञ्चालन हुन सकिरहेको छैन। संस्थामा संलग्न पदाधिकारीहरू एकभन्दा बढी संस्थामा आवद्ध हुनु, आ-आफ्ना मिडियामा व्यस्त रहनु, संस्थाको लागि अहिलेसम्म कतैबाट दरिलो आर्थिक सहयोग नजुट्नु या जुटाउन नसक्नु जस्ता कारणहरूले गर्दा यो संस्था सुचारु हुन नसकेको हो। संस्थाका आगामी योजनाहरू यस प्रकार छन्:

क. हरेक वर्ष प्रसारण दिवसमा प्रसारण र प्रकाशन क्षेत्रका उत्कृष्ट एक एकजना पत्रकारलाई प्रतिव्यक्ति रू. ५००१।- को 'तामाङ पत्रकारिता पुरस्कार' प्रदान गर्ने।
ख. तामाङ समाजका विभिन्न गतिविधिसम्बन्धी सूचना सम्प्रेषणका लागि वेबसाइट निर्माण गरिने।

---

[३] अमृत साइन्स क्याम्पसमा विज्ञान विषयका विद्यार्थी घिसिङलाई समूहले नुमाफुङ चलचित्र प्रदर्शनबाट रु. ३५,०००।- आर्थिक सहयोग गरेको थियो। अन्य ठाउँबाट पनि सहयोग सङ्कलन गरी भारतमा उपचारका लागि गएका सुरेन घिसिङ अहिले उपचारपछि आफ्नो नियमित पढाइमा जुटिसकेका छन्।

ग. भाषा, साहित्य, पत्रकारितासम्बन्धी पत्रपत्रिका, पुस्तक, गीति एल्बम, स्थापित व्यक्तिहरूको प्रोफाइल आदि सङ्कलन गरी सूचना केन्द्रको स्थापना गर्ने ।

घ. सञ्चारकर्मीहरूलाई व्यवस्थित ढङ्गले गोलबद्ध गर्न र परिचालन गर्न प्रसारण र प्रकाशन उपसमितिहरू गठन गर्ने ।

ङ. गाउँ गाउँमा सूचना सम्प्रेषण उद्देश्यले भित्तेपत्रिका प्रकाशन गर्ने ।

च. दक्ष सञ्चारकर्मी उत्पादनका लागि आधारभूत र विशिष्ट तालिम सञ्चालन गर्ने ।

छ. हरेक वर्ष तामाङ सञ्चारकर्मी र तामाङ कलाकारहरूको बीचमा मैत्रीपूर्ण फूटबल खेल आयोजना गर्ने ।

## तामाङ समाजमा तामाङ सञ्चार समूह

विभिन्न क्षेत्रमा कार्यरत तामाङ सञ्चारकर्मीहरूको साझा संस्थाको रूपमा स्थापना भएको यो संस्थाप्रति तामाङ समाजमा राम्रै छाप परेको पाइन्छ । तामाङ सङ्घसंस्थाहरूले आफ्नो गतिविधि प्रचारप्रसारको लागि राम्रो सहयोगी पाएको महसुस गरेको देखिन्छ । सामाखुशी तामाङ परिवार कोष[४] का अध्यक्ष राजाराम पाखिन भन्नुहुन्छ, "यस्तो संस्था स्थापनाले वास्तवमा राम्रो उत्साह जगाएको छ । समूहले आफ्नो गतिविधिलाई निरन्तरता दिन सक्नुपर्छ ।"

बाराको रतनपुरीमा तपस्यामा बसेका रामबहादुर बमजनबारे खोजीनीति गर्न जाँदा नेपाल तामाङ राष्ट्रिय महासङ्घ र सामाखुशी तामाङ परिवार कोषले तामाङ सञ्चार समूहलाई केही सञ्चारकर्मीहरू पठाउनका लागि अनुरोध गरेको थियो । उक्त अनुरोधका आधारमा समूहले मेट्रो एफएमका सूर्य मोक्तान र रेडियो सगरमाथाका बुद्ध योञ्जनलाई सिफारिश गरेको थियो । अन्य विभिन्न सङ्घसंस्थाहरूले पनि कुनै काम पर्दा मध्यस्थ भूमिकाका लागि यस समूहलाई सम्झने गरेको पाइन्छ । जस्तैः मोदिनी तामाङलाई आर्थिक सहयोग प्रदान गर्न आवश्यक पहल गरिदिन आप्रवासी तामाङ समाज, कतारले सञ्चार समूहलाई सम्पर्क गरेको थियो ।[५] यसबाट तामाङ सङ्घसंस्थाहरूको लागि यो संस्था सहयोगीको रूपमा देखिएको स्पष्ट हुन्छ ।

---

[४] काठमाडौँको सामाखुशी क्षेत्रमा देशका विभिन्न ठाउँबाट आएर बसेका तामाङहरूले सामाजिक कार्यमा सहयोग लिन दिन सजिलो होस् भनेर ११ वर्षअघि स्थापना गरेको संस्था ।

[५] रोजगारका लागि कतारमा पुगेका तामाङहरूले २०६१ सालमा कतारमा आप्रवासी तामाङ समाज कतार नामको संस्था स्थापना गरेका छन् । यो संस्थाले ८३ प्रतिशत अङ्क ल्याई एसएलसीमा उत्तीर्ण भएकी काभ्रे पनौतीकी छात्रा मोदिनी तामाङलाई विज्ञान विषय अध्ययनका लागि आर्थिक सहयोग स्वरूप रु. ३२,०००/- नगद सहयोग गरेको थियो ।

## निष्कर्ष

नेपाली मिडियाको विस्तारसँगै तामाङ सञ्चारकर्मीको सङ्ख्या पनि बढेको छ। तर त्यो सन्तोषजनक भने छैन। मूलप्रवाहका सञ्चारमाध्यममा तामाङ सञ्चारकर्मीहरूको उपस्थिति खासै उत्साहजनक पाइँदैन। यसले गर्दा मूलप्रवाहमा उनीहरूले आफूलाई स्थापित गर्न र आफ्नो क्षमता र प्रतिभा प्रस्तुत गर्न पनि पाइरहेका छैनन्। रेडियोमा तामाङ भाषाका कार्यक्रमको विस्तार भएका कारणले सञ्चारकर्मीको सङ्ख्यामा उल्लेख्य वृद्धि जस्तो देखिए पनि मूलधारका मानिएका अन्य कार्यक्रममा उनीहरूको सङ्ख्या निकै कम छ। मूलधारे छापा माध्यममा त झन् उनीहरूको उपस्थिति ज्यादै न्यून भएको अहिलेको अवस्थामा तामाङ सञ्चार समूह जस्ता संस्थाले गर्न सक्ने कामहरू धेरै छन्। विभिन्न खाले तालिम र अन्तर्क्रियामार्फत नयाँ सञ्चारकर्मीको सङ्ख्या बढाउनेदेखि लिएर क्रियाशीललाई क्षमता अभिवृद्धि गर्न यस संस्थाको भूमिका तारिफयोग्य छ।

आम समाजलाई सुसूचित, जागरुक, सचेत बनाउँदै राष्ट्र निर्माणका लागि जनमत सिर्जना गर्ने कार्यमा समेत सञ्चारकर्मीहरूले अहम् भूमिका निर्वाह गर्न सक्छन् र अहिलेसम्म यो जिम्मेवारी बहन गर्दै आइरहको पनि पाइन्छ। प्रेसविना लोकतन्त्र र लोकतन्त्रविना प्रेस दिगो र स्थायी रहन नसक्ने तर्क यसकारण पनि अघि सारिएका हुन्। लोकतन्त्र स्थापनाका लागि नेपालका थुप्रै सञ्चारमाध्यम र संस्थाहरूले आ-आफ्ना ठाउँबाट योगदान पुऱ्याउँदै आइरहेका छन्। तामाङ सञ्चार समूहले पनि आफ्नो संस्थाको आवश्यकता र औचित्य सावित गराउँदै राज्यको चौथो अङ्ग मानिने सञ्चारक्षेत्रमा आगामी दिनहरूमा व्यवस्थित ढङ्गले लाग्नुपर्छ।

तामाङ समुदायमा धेरै संस्थाहरू जन्मिने र हराउने क्रम निरन्तर चलिरहेको अवस्थामा तामाङ सञ्चार समूह सबैभन्दा पृथक संस्था हो। यसकारण पनि सिङ्गो तामाङ समुदायको विश्वास यो संस्थाले जित्न सक्छ र अहिलेसम्मको विभिन्न गतिविधि हेर्दा तामाङ सञ्चार समूहप्रति धेरैले आशापूर्ण दृष्टिकोण राख्दै आएको पनि पाइन्छ। यस्तो अवस्थामा आगामी दिनहरूमा यो संस्थाले स्पष्ट उद्देश्य, नीति र कार्ययोजना बनाई आफ्नो क्षेत्रमा खट्नुपर्छ। जनशक्ति र आर्थिक कारणले आफ्नो उद्देश्यबाट विमुख हुनुपर्ने अवस्था छैन। सही नीति बनाई उपलब्ध जनशक्तिलाई परिचालन गर्न सकेको खण्डमा आर्थिक पक्षलाई दरो बनाउन सक्ने अवस्था प्रचुर मात्रामा देखिन्छ। राजधानीमै रहेको संस्था भएकोले पनि यस्ता सम्भावनाहरू धेरै छन्। आ-आफ्ना क्षेत्रमा रहे पनि आफ्नो जिम्मेवारी पूरा गर्न थोरै समय मात्र निकाल्ने हो भने प्रशस्तै हुन सक्छ। संस्थामा आबद्ध

सबैजना आफ्नो जिम्मेवारी र दायित्व महसुस गर्दै खट्ने हो भने तामाङ सञ्चार समूहको भविष्य सुन्दर र आशलाग्दो रहेको छ।

## सन्दर्भ सूची

तामाङ, प्रतीक डेसुर। २०६२क। तामाङ प्रकाशन पचासौँ वर्षमा। *बहुभाषिक सयपत्री* २०: १४-३७।

तामाङ, प्रतीक डेसुर। २०६२ख। *रेडियोमा तामाङ भाषा*। काठमाडौँ: सञ्जय डेसुर तामाङ।

थापा, धर्मराज। २०५९। ज्याम्याङ लामाले तामाङ भाषाको गीत रेडियोमा गाउनुभएको थियो। *ज्याम्याङलामा स्मृति ग्रन्थ*। रविन्द्र ग्यावक तामाङ र प्रतीक डेसुर तामाङ, सं., पृ. ९२-९३। काठमाडौँ: ज्याम्याङ लामा स्मृति ग्रन्थ प्रकाशन समिति।

## अनुसूची १

**दर्ता अगाडिको कार्य समिति**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | रविन्द्र तामाङ |
| २. | उपाध्यक्ष | रुद्रसिंह तामाङ |
| ३. | उपाध्यक्ष | प्रतीक डेसुर |
| ४. | महासचिव | दीपक घिसिङ |
| ५. | सचिव | दानबहादुर घिसिङ |
| ६. | कोषाध्यक्ष | तिलक लामा |
| ७. | सदस्य | पासाङदोर्जे लामा |
| ८. | सदस्य | सोनी तामाङ |

## अनुसूची २

**दर्ता अगाडिको तदर्थ समिति**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | रुद्रसिंह तामाङ |
| २. | उपाध्यक्ष | इन्द्र तामाङ |
| ३. | सचिव | प्रतीक डेसुर |
| ४. | सह-सचिव | दीपेन्द्र दोङ |
| ५. | कोषाध्यक्ष | जगत दोङ |
| ६. | सदस्य | फुलमान बल |
| ७. | सदस्य | रविन थिङ |
| ८. | सदस्य | भक्तवीर योञ्जन |
| ९. | सदस्य | सञ्चु ब्लोन |

## अनुसूची ३

### प्रथम साधारण सभाले चयन गरेको केन्द्रीय समिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | प्रतीक ङेसुर |
| २. | उपाध्यक्ष | मोहनसिंह लामा |
| ३. | महासचिव | दीपेन्द्र लामा |
| ४. | सचिव | दीपेन्द्र दोङ |
| ५. | कोषाध्यक्ष | जगत दोङ |
| ६. | सदस्य | फुलमान बल |
| ७. | सदस्य | सञ्चु ब्लोन |
| ८. | सदस्य | सूर्य मोक्तान |
| ९. | सदस्य | भक्तवीर योञ्जन |

## अनुसूची ४

### केन्द्रीय कार्य समिति (२०६३)

| | | |
|---|---|---|
| १. | अध्यक्ष | प्रतीक ङेसुर |
| २. | उपाध्यक्ष | मोहनसिंह लामा |
| ३. | महासचिव | दीपेन्द्र लामा |
| ४. | सचिव | दीपेन्द्र दोङ |
| ५. | कोषाध्यक्ष | जगत दोङ |
| ६. | सदस्य | फुलमान बल |
| ७. | सदस्य | सञ्चु ब्लोन |
| ८. | सदस्य | मुकेश लामा |
| ९. | सदस्य | मोहन दोङ |
| १०. | सदस्य | प्रकाश ब्लोन |
| ११. | सदस्य | कुमार मोक्तान |
| १२. | सदस्य | सृजना गोले |
| १३. | सदस्य | रश्मी दोङ |

# अनुसूची ५

## तामाङ सञ्चार समूहको केन्द्रीय कार्य समिति (२०६३ साल) का सदस्यहरू

| क्र.सं. | नाम | मिडिया |
|---|---|---|
| १. | प्रतीक डेसुर तामाङ | छार गोङमा मासिक/नेपाल एफएम |
| २. | मोहनसिंह लामा | हिमालय टाइम्स दैनिक |
| ३. | दीपेन्द्र लामा | नेपाल साप्ताहिक |
| ४. | दीपेन्द्र दोङ | इमेज एफएम |
| ५. | जगत दोङ | रेडियो एचबीसी |
| ६. | फूलमान बल | कान्तिपुर दैनिक |
| ७. | सूर्य मोक्तान | मेट्रो एफएम |
| ८. | भक्तवीर योञ्जन | रेडियो सगरमाथा |
| ९. | सञ्चु ब्लोन | रेडियो सगरमाथा |
| १०. | कुमार मोक्तान | एचबीसी एफएम |
| ११. | रश्मी दोङ | भक्तपुर एफएम |
| १२. | मोहन दोङ | भक्तपुर एफएम |
| १३. | प्रकाश ब्लोन | मङ्गोल मासिक |
| १४. | मुकेश लामा | तामाङ्स डट कम |
| १५. | सृजना गोले | ताम्सालिङ पाक्षिक |
| १६. | इन्दिरा थिङ | मेट्रो एफएम |
| १७. | धनमाया लुङबा | कालिका एफएम |
| १८. | तिलक लामा | स्वतन्त्र फोटो ग्राफर |
| १९. | राजु लामा | मेट्रो एफएम |
| २०. | शुभराज गोले | रेडियो पालुङ |
| २१. | मेम्बर लामा | म्हार्मेन साप्ताहिक |
| २२ | काजीमान थिङ | छारन्हान मासिक |
| २३ | सन्तलाल घिसिङ | सिनर्जी एफएम |
| २४ | सन्जीव वाईबा | टाइम्स एफएम |
| २५ | अमर लामा | रेडियो नेपाल |
| २६ | लोकबहादुर गोले | इन्डिजिनस भ्वाईस |
| २७ | संगम लामा | भक्तपुर एफएम |

## अनुसूची ६

### तामाङ भाषाका कार्यक्रम र रेडियो स्टेसन

| क.सं. | कार्यक्रमको नाम | सुरु मिति | रेडियो स्टेसन | समय |
|---|---|---|---|---|
| १. | तामाङ सान्युर | २०५१ भदौ १ | रेडियो नेपाल, क्षेत्रीय प्रसारण केन्द्र, काठमाडौं | दैनिक बिहान ९:४५-९:५० |
| २. | स्ह्यालगार | २०५४ असार ५ | रेडियो नेपाल, क्षेत्रीय प्रसारण केन्द्र, काठमाडौं | आइतबार बेलुकी ६:१५-६:३० |
| ३. | तामाङ न्हान* | २०६० मङ्सिर ७ | टाइम्स एफएम, ललितपुर | बिहिबार बिहान ८:००-९:०० |
| ४. | सेमला ताम | २०६२ मङ्सिर ३ | टाइम्स एफएम, ललितपुर | सोमबार ८:३०-९:०० |
| ५. | जेसुम* | २०६० पुस २९ | सिनर्जी एफएम, चितवन | मङ्गलबार दिउँसो २:००-३:०० |
| ६. | म्होईजेन | २०६३ वैशाख २९ | नेपाल एफएम, काठमाडौं | शुक्रबार र मङ्गलबार बेलुकी ९:२०-१०:०० |
| ७. | ह्याङला काइरान | २०६२ भदौ १६ | हिमचुली एफएम, पोखरा | आइतबार, बेलुकी ६:००-७:०० |
| ८. | तामाङ रिमठीम* | २०६० असार ९ | मनकामना एफएम, मकवानपुर | सोमबार दिउँसो १२:००-१:०० |
| ९. | समाचार बुलेटिन* | २०६० फागुन | मनकामना एफएम, मकवानपुर | दैनिक |
| १०. | ह्याङला डाजाङ | २०५८ असार ११ | एचबीसी एफएम, काठमाडौं | सोमबार बेलुकी ८:३०-९:०० |
| ११. | होइस्हेर | २०५८ असोज १६ | एचबीसी एफएम, काठमाडौं | बिहिबार बेलुकी ८:३०-९:०० |
| १२. | नाङसाल | २०५६ असार १६ | मेट्रो एफएम, काठमाडौं | दैनिक बेलुकी ६:००-६:३० |
| १३. | तामाङ धुकधुकी | २०५९ चैत | कालिका एफएम, चितवन | सोमबार बेलुकी ९:००-१०:०० |
| १४. | तामाङ डाङ | २०६१ मङ्सिर | इमेज एफएम, काठमाडौं | सोमबार बेलुकी ९:००-१०:०० |
| १५. | ह्याङला नाम्सा | | स्टार एफएम, काठमाडौं | शुक्रबार बेलुकी ९:००-१०:०० |
| १६. | तामाङ रिमठीम न्हान* | २०५४ वैशाख १ | रेडियो सगरमाथा, ललितपुर | |
| १७. | तामाङ काई | २०६१ वैशाख २२ | रेडियो सगरमाथा, ललितपुर | मङ्गलबार दिउँसो २:००-२:४५ |
| १८. | ङ्याल्ला नाम्सा | २०६१ मङ्सिर | सोलु एफएम, सोलुखुम्बु | बिहिबार साँझ ६:००-६:३० |
| १९. | समाचार बुलेटिन* | २०६१ असोज १ | पर्यावरण चक्र रेडियो एफएम, ललितपुर | दैनिक बिहान ८:०० र बेलुकी ५:०० बजे |
| २०. | ह्याङला ह्युल्सा | २०६३ साउन २० | पर्यावरण चक्र रेडियो एफएम, ललितपुर | शनिबार दिउँसो २:००- ३:०० |
| २१. | लार्ग्युङ | २०६२ भदौ २६ | भक्तपुर एफएम, भक्तपुर | आइतबार बिहान ९:३०-१०:०० |
| २२. | जोम्जागी | २०६१ वैशाख २४ | भक्तपुर एफएम, भक्तपुर | सोमबार बिहान ९:००-१०:०० |
| २३. | मोलम | | भक्तपुर एफएम, भक्तपुर | सोमबार बिहान ९:००-९:३० |
| २४. | म्हेन्दोला फोले | २०६१ वैशाख १३ | भक्तपुर एफएम, भक्तपुर | मङ्गलबार बिहान ९:००-१०:०० |
| २५. | ह्याङ्ला दोखाङ | २०६२ भदौ १५ | भक्तपुर एफएम, भक्तपुर | बुधबार बिहान ९:००-१०:०० |
| २६. | छार नाम्सा | २०६३ असार ८ | भक्तपुर एफएम, भक्तपुर | बिहिबार बिहान ९:००-९:३० |
| २७. | तामाङ पुपु | २०६३ साउन ५ | भक्तपुर एफएम, भक्तपुर | शुक्रबार बिहान ९:००- ९:३० |
| २८. | ह्युल्ला काई | २०६३ साउन | भक्तपुर एफएम, भक्तपुर | शुक्रबार बिहान ९:३०-१०:०० |
| २९. | छोरुवा | २०६२ जेठ ११ | रेडियो पालुङ, मकवानपुर | बुधबार बेलुकी ५:३०-६:०० |

* हाल बन्द भइसकेका कार्यक्रमहरू ।

# अनुसूची ७

## छापामाध्यममा कार्यरत तामाङ सञ्चारकर्मीहरू

| क.सं. | नाम | मिडिया |
|---|---|---|
| १. | रविन्द्र तामाङ | स्वतन्त्र |
| २. | अर्जुन ग्लान | साप्ताहिक आवाज |
| ३. | विवेक वाईबा | साप्ताहिक आवाज |
| ४. | विष्णु दोङ | तेमाल टाइम्स |
| ५. | विष्णु हिमाल | छार गोडमा |
| ६. | दीपेन्द्र लामा | नेपाल साप्ताहिक |
| ७. | ज्ञानेन्द्र स्याङबो | नेपाल समाचारपत्र |
| ८. | इन्द्र तामाङ | जनजाति सन्देश |
| ९. | काजीमान थिङ | प्राङबोला छार न्हान |
| १०. | खुमानसिंह तामाङ | कान्तिपुर दैनिक |
| ११. | कुमार यात्रु | राजधानी दैनिक |
| १२. | कुमार योञ्जन | ग्रेन ग्याम |
| १३. | लोकबहादुर गोले | इन्डिजिनस भ्वाइस |
| १४. | फुलमान बल | कान्तिपुर दैनिक |
| १५. | आर बी लामा | युवा आस्था मासिक |
| १६. | संगिता लामा | हाकाहाकी |
| १७. | तिलक लामा | फोटो पत्रकार |
| १८. | सृजना गोले | ताम्सालिङ पाक्षिक |
| १९. | उजाड रक्तिम | छार गोडमा |
| २०. | राजु घिसिङ | कान्तिपुर साप्ताहिक |
| २१. | सन्तवीर लामा पाखीन | दि ब्लाष्ट टाइम्स दैनिक |
| २२. | सानुकान्छा ग्लान | म्हार्मेन साप्ताहिक |
| २३. | पूर्णिमा गोले | म्हार्मेन साप्ताहिक |
| २४. | शुक्रराज दोङ | न्हान द्वैमासिक |
| २५. | लक्ष्मण तितुङ | आदिवासी दर्पण |
| २६. | सुकुराम ब्लोन | प्रयास साप्ताहिक |
| २७. | शर्मिला लामा | प्रयास साप्ताहिक |
| २८ | गोपीराम बल | न्हान द्वैमासिक |
| २९. | मेम्बर लामा | म्हार्मेन |
| ३०. | ईश्वर तामाङ | राजधानी दैनिक |
| ३१. | योकबहादुर घिसिङ | संजीवनी साप्ताहिक |
| ३२. | सृजना गोले | ताम्सालिङ पाक्षिक |
| ३३ | एलबी तामाङ | मङ्गोल मासिक |
| ३४ | मीम लामा | मङ्गोल मासिक |
| ३५. | कर्मध्वज लामा | मङ्गोल मासिक |
| ३६. | वीरबहादुर लामा वाईबा | छयोर्तेन मासिक |
| ३७ | सुनिता लामा | छयोर्तेन मासिक |
| ३८. | छेदा गोले | प्राङबोला छार न्हान |
| ३९. | निरबहादुर मोक्तान | प्राङबोला छार न्हान |

# अनुसूची ८

## विद्युतीय सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीहरू

| | | | | | |
|---|---|---|---|---|---|
| १. | प्रतीक ङेसुर तामाङ | नेपाल एफएम | २. | अमर लामा | रेडियो नेपाल |
| ३. | भरत बमजन | रेडियो नेपाल | ४. | ध्यानबहादुर मोक्तान | रेडियो नेपाल |
| ५. | इन्दिरा थिङ | रेडियो नेपाल | ६. | बुद्ध योञ्जन | रेडियो सगरमाथा |
| ७. | आर के जिम्बा | रेडियो सगरमाथा | ८. | सञ्चु ब्लोन | रेडियो सगरमाथा |
| ९. | दीपेन्द्र दोङ | इमेज एफएम | १०. | धनमाया लुङबा | कालिका एफएम |
| ११. | जगत दोङ | रेडियो एचबीसी | १२. | कुमार मोक्तान | रेडियो एचबीसी |
| १३. | मायालु ङेसुर | रेडियो एचबीसी | १४. | क्रान्ति लामा | रेडियो एचबीसी |
| १५. | किरण थिङ | नेटिभी | १६. | कुमार लामा | रेडियो पालुङ |
| १७. | लक्ष्मी स्याङतान | रेडियो पालुङ | १८. | शुभराज गोले | रेडियो पालुङ |
| १९. | सुजिन्द्र गाले | रेडियो पालुङ | २०. | सुनिता स्याङतान | रेडियो पालुङ |
| २१. | मानछिरिङ तामाङ | नेटिभी मेट्रो टु | २२. | मोहन दोङ | भक्तपुर एफएम |
| २३. | म्हार्साङ ड्याङ्जो | भक्तपुर एफएम | २४. | मोहन दोङ | भक्तपुर एफएम |
| २५. | नरेश वाईबा | भक्तपुर एफएम | २६. | रश्मी दोङ | भक्तपुर एफएम |
| २७. | रोनी ड्याङजो | भक्तपुर एफएम | २८. | सङ्गम लामा | भक्तपुर एफएम |
| २९. | रत्न दोङ | भक्तपुर एफएम | ३०. | विजय घिसिङ | भक्तपुर एफएम |
| ३१. | जेम्स घिसिङ | भक्तपुर एफएम | ३२. | सुदीप दोङ | भक्तपुर एफएम |
| ३३. | ईश्वरी ङेसुर | भक्तपुर एफएम | ३४. | क्षितिज तामाङ | भक्तपुर एफएम |
| ३५. | श्याम ब्लोन | भक्तपुर एफएम | ३६. | असुनी लामा | भक्तपुर एफएम |
| ३७. | पाल्देन योञ्जन | भक्तपुर एफएम | ३८. | सजनकुमार मोक्तान | भक्तपुर एफएम |
| ३८. | युना योञ्जन | भक्तपुर एफएम | ३९. | मुकेश लामा | तामाङ्स डट कम |
| ४०. | ङीमा पाखीन | सोलु एफएम | ४१. | पासाङ बमजन | सोलु एफएम |
| ४२. | पासाङ डोल्मा लामा | मेट्रो एफएम | ४३. | सूर्य मोक्तान | मेट्रो एफएम |
| ४४. | पीटी लोप्चन | सोलु एफएम | ४५. | श्याम ङेसुर | स्टार एफएम |
| ४६. | शान्ति तामाङ | स्टार एफएम | ४७. | निशा बमजन | स्टार एफएम |
| ४८. | सन्जीव वाईबा | टाइम्स एफएम | ४९. | सुकु मोक्तान | टाइम्स एफएम |
| ५०. | सोनाम तामाङ | एनटीभी मेट्रो २ | ५१. | सुलोचना थिङ | एनटिभी |
| ५२. | हिरालाल स्याङतान | हेटौंडा एफएम | ५३. | शीला घिसिङ | हिमचुली एफएम |
| ५४. | सुमन मोक्तान | हिमचुली एफएम | ५५. | दिलकुमार लोप्चन | हिमचुली एफएम |
| ५६. | लवाङ योञ्जन | हिमचुली एफएम | ५७. | शान्ति स्याङबो | हिमचुली एफएम |
| ५८. | बुद्धराम थिङ | ईसीआर | ५९. | सुरेश ग्यावक | ईसीआर |
| ६०. | सुमिता थोकर | नेपाल एफएम | ६१. | जस्टिना तामाङ | नेपाल एफएम |